DOI: https://doi.org/10.3126/cognition.v6i1.64470

# ‘आगोनेर उभिएको मानिस’मा प्रतिरोधी चेतना
# (Resistance Consciousness in 'The Man Standing on Fire')

**तेजविलास अधिकारी**[१]

***लेखसार***

*प्रस्तुत लेख विमल निभा (२००९)का आगोनेर उभिएको मानिस कविता सङ्ग्रह (२०७१ तेस्रो संस्करण)लाई सामग्रीको रूपमा लिएर यसभित्रका कविताहरूभित्र प्रतिरोधी चेततनाको खोजी गरिएको छ । यसका लागि मार्क्सवादी चिन्तनले स्थापना गरेका आलोचनात्मक चेतसम्बन्धी सैद्धान्तिक र व्यावहारिक पक्षको उपयोग गरी ‘आगोनेर उभिएको मानिस’ कविता सङ्ग्रहमा प्राप्त प्रतिरोधी चेतनाको व्याख्या गरिएको छ । नेपाली राजनीतिक क्षेत्रमा देखिएको शक्ति र सत्ताको दुरूपयोग, यसबाट श्रमिक जीवनमा परेको प्रत्यक्ष र परोक्ष असर तथा विचार निर्माणको प्रश्नलाई तार्किक ढङ्गले स्थापित गर्ने कार्य भएको छ । पञ्चायती व्यवस्थाको चरम दमनको स्थितिमा विचारका वाहकहरू कस्तो भूमिकामा कसरी प्रतिरोधी चेतना निर्माण गर्दै थिए भन्ने सन्दर्भहरूलाई जनताको परिवर्तनप्रतिको चाहना अभिव्यक्त गर्ने माध्यम कविता र कविताभित्र पनि वर्गीय चेतनाले निर्माण गरेको प्रतिरोधी चेतना हो भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जीः** मुक्तियुद्ध, वर्गसङ्घर्ष, बलिदान, सङ्कल्प, यन्त्रणा ।

## विषय परिचय

प्रस्तुत अध्ययनको विषय कवि विमल निभा (२००९)को कविता सङ्ग्रह ‘आगोनेर उभिएको मानिस’ २०४० (तेस्रो संस्करण, २०७१ फाइन प्रिन्ट)ले दिशानिर्देश गरेको सामाजिक सन्दर्भ र प्रतिरोधी चेतनाको सेरोफेरोमा रहेर व्याख्या विश्लेषण गरिएको छ । कवितासङ्ग्रहमा प्रस्तुत विषयवस्तु र विषयवस्तुले लिएको विषयसन्दर्भलाई उठाइएको छ । व्यङ्ग्यात्मक शैलीमा लेखिएको यस सङ्ग्रहभित्रका कविताहरूले प्राप्त गरेको अग्रभूमि र श्रमिक वर्गप्रति व्यक्त गरेको प्रतिबद्धता साथै निर्माण गरेको प्रतिरोधी चेतनाका विषयमा व्यावहारिक ढङ्गले व्याख्या गरिएको छ ।

‘आगोनेर उभिएको मानिस’ पञ्चायती व्यवस्थाको विरुद्धमा व्यक्त असहमतिहरूको विषयमा आधारित रहेर तयार गरिएको वैचारिक दस्तावेज हो । वर्गीय समाजमा सामाजिक चेतना पनि वर्गीय चरित्रकै हुन्छ । वर्गीय चेतना मूलतः विचारधारात्मक हुन्छ । निश्चितवर्गको राजनीतिक न्यायिक, नैतिक, कलात्मक तथा

१. उपप्राध्यापक, वाल्मीकि विद्यापीठ, ईमेलः tejkamere@gmail.com

Received on Sept. 3, 2023 Accepted on Dec. 1, 2023 Published on Jan. 31, 2024

अन्य धारणाहरू र विचारहरूको समुच्चय नै त्यस वर्गको विचारधारा हो । वर्गीय समाजमा कला साहित्य विचारधाराको संवाहक हुन्छ भन्ने धारणा मार्क्सवादी सौन्दर्यशास्त्रको आधार स्तम्भ हो । कला साहित्यलाई स्पष्ट पार्दै माओ भन्दछन्, "वास्तवमा त्यस्तो साहित्य र कला पनि छ, जो शोषकहरू र उत्पीडकहरूको लागि हो । जमिन्दार वर्गको लागि रचिएको साहित्य र कला सामन्ती साहित्य र कला हो ।" (माओ, २३ मई १९४२) कलामा राजनीतिक विचारधारा मात्रै होइन नीतिपरक, दार्शनिकलगायतका विचारहरू अभिव्यक्त गर्न सकिन्छ । यस लेखमा कवि विमल निभाको 'आगोनेर उभिएको मानिस' कवितासङ्ग्रह भित्रका कविताले पाठकलाई चेतनाको आलोकतर्फ अगाडि बढाउन गरेको योगदानको पाटोलाई हेर्न प्रतिरोधी चेतनासँग सम्बन्धित अवधारणा र चिन्तनको सहारामा व्याख्या विश्लेषण गर्ने कार्य गरिएको छ ।

**अध्ययनको विधि**

प्रस्तुत अध्ययनका लागि कवि विमल निभाद्वारा लिखित 'आगोनेर उभिएको मानिस' कविताको व्याख्या विश्लेषण गर्न सो पुस्तकालय प्राप्त हुने भएकाले कविता सङ्ग्रहलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ । यसैगरी कविता सङ्ग्रहमभित्र रहेका कविताहरूको व्याख्या विश्लेषण गर्ने प्रयोजनका निम्ति सैद्धान्तिक र प्रायोगिक समालोचना, समीक्षा आदि सामग्री प्राप्त गर्न द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त सामग्रीहरूलाई समुचित हिसाबले व्याख्या विश्लेषण गर्न र साक्ष्यहरू प्रस्तुत गर्दै कवितामा रहेको प्रतिरोधी चेत खोज्न कविताका सामाजिक, राजनीतिक, आर्थिक पक्षबाट मूलतः वर्गीय समानताका लागि कसरी सहयोगी बनेको छ त्यो पक्षमा केन्द्रित भई विश्लेषण गर्ने विधि अपनाइएको छ ।

**सैद्धान्तिक ढाँचा**

साहित्यमा सौन्दर्य, रूप तथा अन्तरवस्तुसम्बन्धी विचारहरूको सहारा लिएर कविताको सैद्धान्तिक हिसाबले व्याख्या गर्न सकिन्छ । मार्क्सवादी मान्यताअनुसार द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा सौन्दर्य चिन्तनको व्याख्या गर्नु, उत्पादन शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचनाका बिचमा निरन्तर चलिरहने वर्गसङ्घर्षसँगै साहित्य र कलाको पनि विकास हुनु अनिवार्य हुन्छ (चैतन्य, २०६४, पृ. ९) । कला मूल्यको निर्धारण आर्थिक समृद्धिकरण र वर्गसङ्घर्षको सापेक्षताका अनुसार अघि बढ्ने कुरा स्पष्ट हुन्छ । त्यसैगरी लेनिनले कला साहित्यका सम्बन्धमा सौन्दर्य दर्शनलाई पक्षधरताको सिद्धान्तका रूपमा स्थापित गरेका छन् । लेनिनले कला साहित्यका क्षेत्रमा पुँजीवादी, व्यक्तिवादी अराजकतावादी वर्ग तथा समाज सापेक्ष स्वतन्त्रताको कडा विरोध गर्दै कलाको पक्षधरताको सिद्धान्त प्रस्तुत गरे (चापागाई, २०५४, पृ. १६) । लेनिनले सौन्दर्यशास्त्रका सबै प्रश्नलाई आत्मसात गर्दै सर्वहासावर्गको हितका निम्ति स्रष्टाहरूको ध्यान आकर्षित गरेका छन्, कला साहित्यको सर्वहारा वर्गीय उद्देश्य हुन्छ । त्यसैले कला साहित्यको वर्गीय पक्षधरता हुन्छ । प्रगतिवादी कला साहित्यमा लेखकीय स्वतन्त्रता र प्रतिबद्धता चाहिन्छ जसबाट समाज भित्रका गलत प्रवृत्तिका साथै राज्य पक्षले गरेको दमन शोषणको विरुद्धमा आवाज साहित्यमार्फत् उठ्न सक्छ । मूलतः कला साहित्यमा विषय चित्रण अर्थात् प्रतिबिम्बनको सामग्री हुनु जरुरी रहन्छ ।

प्रगतिवादी साहित्यमा रूप र अन्तरवस्तुसम्बन्धी अवधारणाबारे घनश्याम ढकाल लेख्छन्; सिर्जनामा रूप र अन्तरवस्तु परिवर्तनशील हुन्छन् । रूप पक्षभन्दा अन्तरवस्तु भने चाँडो परिवर्तन हुने गर्दछ । प्रगतिवादी साहित्यमा प्रायः अन्तरवस्तु अनुरूपको रूपपक्ष हुने गर्दछ भने यदाकदा रूपपक्षले पनि अन्तरवस्तुलाई रूपान्तरण गरिदिन्छ । साहित्यमा अन्तरवस्तु भन्नाले सिर्जनाका लागि छानिएको विषयवस्तु हो । यसलाई स्रष्टाले सौन्दर्यात्मक दृष्टिकोण प्रयोग गरेपछि मात्र त्यो विषयवस्तु अन्तरवस्तुमा परिणत हुन्छ । अन्तर वस्तुमा एउटा वस्तुगत पक्ष हुन्छ र अर्को आत्मगत पक्ष लेखक र विषय अर्थात् विषयगत पक्ष मिलेपछि कलात्मक अन्तरवस्तु बन्दछ (ढकाल, २०६६, पृ. १८) कलाकृतिको सारतत्व बिना रूपको अस्तित्व रहन सक्दैन । कला साहित्यमा रूप र अन्तरवस्तु अभिन्न मानिन्छन् । यी दुवैको उति सन्तुलनबाट नै कला साहित्य उच्चकोटिको बन्न पुग्दछ । कला साहित्यमा अन्तरवस्तुको अर्थ हो विषयवस्तुले दिन खोजेको सन्देश अर्थात् कथ्य (Theme) हो । अन्तरवस्तुको निर्माण प्रक्रियालाई हेर्दा एकातिर समाजमा उपलब्ध बाह्रय जीवन यथार्थ विषयीका रूपमा र अर्कोतिर कृतिभित्रको कलात्मक वस्तुचाहिँ विषयका रूपमा देखिन्छ भने तिनका बिचको जैविक एकतालाई अन्तरवस्तुका रूपमा लिइएको पाइन्छ । (गौतम, २०४६, पृ. १२८) यसरी रूप र अन्तरवस्तुलाई अगलअलग बुझ्नु गलत हो । कलात्मक बिम्ब वा सिर्जना  कृतिको आन्तरिक वनावटमा प्रयोग गरिएभन्दा विचारको अलग्गै अस्तित्व हुँदैन । कलामा केन्द्रीय भाव स्वाभाविक ढङ्गले आउनु पर्दछ । वनावटी भाव राम्रो हुँदैन ।

त्यसैगरी साहित्य र राजनीतिको सम्बन्धलाई अस्वीकार गर्ने साहित्य स्रष्टाहरू विशुद्ध साहित्य, राजनीतिमुक्त साहित्य, कला कलाका निम्ति, राजनीतिभन्दा माथिको साहित्य जस्ता विचारहरू अघि सार्छन् । साहित्य र राजनीतिको सम्बन्धलाई स्वीकार गर्ने गैर-मार्क्सवादी साहित्य चिन्तक तथा स्रष्टाहरूमा यथार्थवादी आलोचनात्मक यथार्थवादी लगायत विभिन्न धारा रहेका छन् । राजनीति र साहित्यको सम्बन्धलाई मार्क्सवादी साहित्य चिन्तनहरूले सही हिसाबबाट विश्लेषण गरेको भन्ने बुझिन्छ । अमर गिरीले भन्छन्; मार्क्सवादी साहित्य चिन्तक तथा स्रष्टाहरूले साहित्यलाई राजनीतिको तहमा झारेको, साहित्यको विशिष्ट प्रवृत्तिको उपेक्षा गरेको, साहित्यलाई प्रचार सामग्री बनाएको र नारामा बदलेको आरोप खेप्दै आएका छन् (गिरी, २०७९, पृ. १२६) । स्रष्टा समाजमा नै रहने र उसले समाजकै विषयवस्तु टिप्ने हुनाले समाजभित्रको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक संरचनासँग संवाद र सङ्घर्षको प्रक्रियामा स्रष्टा र उसको कलम रहेको हुन्छ । यथार्थको ग्रहण स्रष्टाले कसरी गर्दछ र उसले ग्रहण गरेको विषयवस्तुलाई उसले गर्ने प्रस्तुतिले कुन वर्गलाई कसरी हुन्छ भन्ने विषय महत्त्वपूर्ण हुन्छ । निनु चापागाई भन्छन्; मार्क्सवाद सौन्दर्यबोधलाई समाज निरपेक्ष नमानेर स्पष्ट शब्दमा यसको सामाजिक आधारलाई स्वीकार गर्दछ । सौन्दर्यबोधको समाज सापेक्षतालाई स्वीकार गर्नुको अर्थ समाजका प्रत्येक व्यक्तिमा यसको स्थिति एउटै हुन्छ भन्ने मान्नु पनि होइन (चापागाई, २०५४, पृ. २२) । राजनीति तहमा सामाजिक जीवन र तिनका हित-अहितसँग सजिलैसँग सम्बन्ध गाँसिएको हुन्छ । राजनीतिले राज्य सञ्चालन गर्नका लागि तय गर्ने विधिले जनजीवनसँग सहज सम्बन्ध कायम गरेको हुन्छ । समाजभित्रको अन्तरविरोध र त्यसको भित्री तहमा रहेको चेतनाले राजनीतिलाई एउटा मोडमा पुर्‍याउँछ । सृजना ऐतिहासिक सन्दर्भ र समसामयिक राजनीतिभन्दा पृथक नहुने भएकाले यसको समाजसँग गहिरो सम्बन्ध रहेको हुन्छ । साहित्यलाई राजनीति र राजनीतिलाई साहित्य बुझ्न खोज्नु भनेको मूलतः चेतनाको कमी नै हो । राजनीतिलाई साहित्यले बुझ्न सघाउने र राजनीति समस्याको समाधान साहित्यिक कर्मका माध्यमबाट वस्तुपरक ढङ्गले ठम्याउन सकिने अवस्था निर्माण हुन्छ । त्यसैले त राजनीतिलाई बुझ्न साहित्यको सहारा र साहित्य रच्न राजनीतिको गहिरो ज्ञान आवश्यक देखिन्छ ।

**बहस**

विमल निभा (वि.सं. २००९) नेपाली कविताका क्षेत्रमा स्थापित नाम हो । उनको परिचय कविता विधामा मात्र नभएर समकालीन राजनीतिक व्यङ्ग्य विधामा पनि त्यत्तिकै सशक्त रहेको छ । कविता लेखन र वाचन दुवैमा उत्तिकै बलियो उपस्थिति जनाउने निभाको 'आगोनेर उभिएको मानिस' कविता सङ्ग्रह (२०४०), 'चौथो कालम' व्यङ्ग्य निबन्धसङ्ग्रह (०४४), 'एउटा बाहुला नभएको बुसर्ट' कवितासङ्ग्रह (२०५९), 'छेउको वधशाला' व्यङ्ग्य निबन्धसङ्ग्रह (२०६२), 'डाइनोसर ज्यूँदो छ' व्यङ्ग्य निबन्धसङ्ग्रह (२०६९), 'जोकरको बन्दुक' कवितासङ्ग्रह (२०७६) र 'डेगेन्द्र राजवंशीको आत्महत्या' कवितासङ्ग्रह (२०७८) गरी जम्मा सातओटा पुस्तकाकार कृतिहरू प्रकाशित रहेका छन् । उनको 'आगोनेर उभिएको मान्छे' कविता सङ्ग्रहभित्र सत्ताको स्वभावलाई कलात्मक ढङ्गले अङ्कन गरिएको छ । यस कविता सङ्ग्रहमा कविले जनताको अधिकार कुण्ठित गर्ने पञ्चायती व्यवस्थाप्रति चरम असन्तुष्टि व्यक्त गरिएको छ । यस कविता सङ्ग्रहमा व्यवस्था विरोधी पात्रले आगो ओकलेका छन् । दमन, अन्याय-अत्याचार सहेर जनता धेरै समय नबस्ने मात्र होइन आफ्नो जीवन बलिदान गर्न तयार रहने सन्दर्भ यहाँ प्रस्तुत छ । विचार सम्प्रेषणका दृष्टिले कविताहरू असाध्यै सरल भाषा माध्यममा गहन भावले युक्त रहेका छन् । विमल निभाले काव्य यात्रा र वैचारिक चिन्तनबारे शार्दूल भट्टराई भन्छन्; "विमल निभा कुनै घटना विशेषबाट काव्य-संवेदनाले ओतप्रोत बनेका होइनन् ।  उनी काव्य संवेदित हृदयबाटै कवि बनेका हुन् । उनको त्यो संवेदनामा जीवन र जगत्का मानवीय सरोकारका विषयले प्रवेश पाएका छन् । देश, समाज र जीवनका सुख, दुःख, अभाव, उत्पीडन, विपन्नता, सङ्घर्ष, त्याग, बलिदान, क्रान्ति, मुक्तिजस्ता विषय उनको काव्य-संवेदनाका कारक बनेका छन् (भट्टराई, २०७१, पृ. VII) । यसैगरी उनका कविताहरूमा बिम्बको प्रधानता रहने भएकाले बिम्बकै कारण शब्दहरूको चयनले प्रधानता पाएको छ । यस दृष्टिकोणले हेर्दा कवि विमल निभा कलाको माध्यमबाट विचार अभिव्यक्त गर्ने र विचारले विद्रोहलाई निम्त्याउन सक्न सामर्थ्य राख्ने काव्यकार हो ।

**व्याख्या विवरण**

नेपाली साहित्यको प्रगतिवादी धारणा क्रान्तिधर्मी र विद्रोही कविका रूपमा आफ्नो परिचय बनाएका विमल निभाले पञ्चायती व्यवस्था विरुद्ध परिवर्तनकामी चेत विस्तार गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली समाजको यथर्थाताको प्रतिबिम्बमा आफूलाई इमानदारीका साथ उभ्याएका कवि विमल निभाले नेपालका राज्य व्यवस्था जनविरोधी रहेको सप्रमाण पेश गरेका छन् । कविले एकपदी र बहुपदी (पदावली) स्तरका शीर्षकको कविताहरू समावेश गरेका छन् । 'प्रियजनहरू फर्किसके ?', 'तेञ्जिङ छिरिङ लामालाई', 'साथी जनार्दनलाई', 'के तपाईलाई सञ्चै छ कविजी ?', 'कुन्नि, तिनीहरु के चाहन्छन् ?', 'त्यो पनि हामीलाई दिनोस्', 'फूल र केही व्यक्ति', 'सूर्य र कविता', 'कुखुरी काँ' जस्ता शीर्षक पदावली स्तरका रहेका छन् । शीर्षक मात्र कविताको त्यस्तो विषय होइन विषय गहनताले त्यसलाई राम्ररी परिचित तुल्याएको हुनुपर्दछ । जम्मा तीस ओटा कविताहरू सङ्गृहीत यस कविता सङ्ग्रहमा कविले आफूलाई एउटा भोक्ता चरित्रको रूपमा आम मानिस जस्तै उभ्याएका छन् । समाजमा रहँदाबस्दा भोगेका जीवनका तीता अनुभव नै उनका कविताका विषय क्षेत्र हुन् । व्यक्तिगत स्वार्थलाई छाडेर सामाजिक हित र सामूहिक स्वार्थका

निम्ति लागेको मान्छे जो सुकै होस् र जहाँको होस् त्यसको पीडा जब आम जनताको पीडाको प्रतिनिधि बन्न पुग्दछ अनि साहित्य बन्दछ । समवेत स्वरको शक्तिशाली पाण्डुलिपि नै साहित्य हो । 'आगोनेर उभिएको मानिस'मा सामाजिक विषयका कविता छन्; राजनीतिक विषयका कविता छन्, क्रूरताविरुद्धका कविता छन्, देशप्रेमका कविता छन्, जनप्रेमका कविता छन् (भट्टराई, २०७१, पृ. XXVIII) । पञ्चायती व्यवस्था विरुद्ध बोल्न साहस चाहिन्थ्यो । त्यो साहस सबैमा हुने कुरै भएन । धेरैमा त्यो आँट पुग्दैनथ्यो । बौद्धिक र आलोचनात्मक लेखकीय चेत भएका व्यक्ति मात्र व्यवस्थाले दिएको पीडा कलात्मक रूपमा उठाउन आँट गर्दछ । प्रगतिवादी कविताहरूले निरङ्कुशता र यथास्थितिवादका विरुद्ध धेरै लेखेर आफूलाई व्यवस्थाको विपक्षमा उभ्याए । त्यही क्रममा कवि विमल निभाले नाम, साथी जनार्दनलाई कविता, जुत्ता, त्यो पनि हामीलाई दिनोस्, साइकल, भाषा, जीवन, टोल, जुम्ला, सूर्यलाई, वसन्त, इतिहास, सहिद जस्ता क्रान्तिकारी कविता यस सङ्ग्रहमा सङ्गृहीत रहेका छन् ।

मार्क्सवादी सौन्दर्यशास्त्रले श्रमलाई नै कलाको र सामाजिक चेतनाको विशिष्ट अभिव्यक्ति मानेको हुनाले कला साहित्यले यथार्थको प्रतिबिम्बन र प्रतिबिम्बित यथार्थको पुनः सृजन पनि गर्दछ । नयाँ भविष्यप्रति आशावादी हुने र इतिहासको व्याख्या समेत सही ढङ्गले गर्न सघाउँछ । यसरी हेर्दा नेपाली कविताको समकालीन धारा र मूलतः प्रगतिशील धाराका एक स्थापित कवि विमल निभाको पहिलो कविता सङ्गहले अग्रज कविहरू गोपाल प्रसाद रिमाल, पारिजात, भूपि शेरचन जस्ता वैचारिक कविहरूको विश्लेषण प्रगतिवादी दृष्टिकोणका आधारमा नै गर्नुपर्ने हुन्छ । यसरी हेर्दा उनका कवितालाई मूलतः यथास्थितिप्रतिको विरोध, नवीन परिवर्तनप्रतिको आस्था र जनताको जनजीविकाप्रति सरोकार प्रचुर मात्रामा पाइन्छ । 'आगोनेर उभिएको मानिस' कविता सङ्ग्रहभित्रका कविताहरूको विश्लेषण उल्लिखित आधारमा गर्नु उपयुक्त हुन्छ ।

**यथास्थितिप्रतिको विरोध**

पञ्चायती कालमा राज्यसत्ताले गरेका दमन उत्पीडनबारे बोल्ने र लेख्ने अत्यन्तै कम प्रतिभाहरू थिए । पञ्चायती व्यवस्था स्वतन्त्रताको विपक्षमा थियो । राज्यसत्ताको अलिकता पनि विरोध गर्नेहरूको आवाजलाई मानसिक र भौतिक रूपमा दबाउनु पञ्चायतको मूल कर्म मानिन्थ्यो । निरङ्कुश र दमनकारी राज्यसत्ताको एउटा विशेष गुण भनेकै आफ्नो विरोध सुन्न नसक्ने कमजोरी हो । कवि त्यो दमनलाई सजिलैसँग चुनौती दिएर २०३६ सालमा सो दमन, अन्याय, अत्याचारको विरोधमा गहनभाव बोधका साथ प्रस्तुत भएको पाइन्छ । कविले सोही समयमा लेखेका एउटा कविता;

हिजो सडकमा हत्यारो
खुल्लमखुल्ला हातमा चक्कु लिएर
डुलिरहेको थियो
देख्नेहरू त भन्छन्
उसको कोटको माथिल्लो पकेटमा पनि

एउटा अर्कै चमकदार चक्कु थियो
हो चक्कु किसिम-किसिमको हुन्छ
कुनै कुनै चक्कु त कलात्मक पनि हुन्छ
जस्ता बादशाहको हातमा
चम्किरहेको बुट्टेदार चक्कु । (पृ. ३७, चक्कु)

उदाहरणमा दिएको कवितांशको आधारमा भन्नुपर्दा उनी तत्कालीन व्यवस्थाप्रति प्रतिपक्षभाव राख्ने कविका रूपमा परिचित बनेको देखिन्छ । कवि विमल निभा कलात्मक हिसाबले आफ्नो विचारलाई राखी दिन्छन् । राज्यसत्ता श्रमिकको होइन हत्यारा र गुण्डाको संरक्षक बनेर देखा परेको छ। ऊ सामान्य मानिसको जनजीवनमा ओर्लिन सक्दैन । धेरै जालोहरू बुनिएको सत्ताको भऱ्याङगमा उसका नजरले जनता देख्दैन । सूर्य पनि कविता र कविता पनि सूर्य हो भन्ने दृष्टिसहित उनले विचारलाई यथास्थितिमा रहेको विसङ्गत पक्षको विपक्षमा खर्चिन आह्वान गरेका छन् । उनका कविताले वर्ग विभेद र सामाजिक असमानताको अवस्था पनि मुख खोलेका छन् । वर्गीय समाजमा वर्गीय प्रेम मात्रै न्यानो र स्वच्छ हुन सक्छ भन्ने मान्यताका साथ उनले वर्गीय पक्षधरतालाई समातेका छन् । एउटा प्रष्ट दृष्टिकोण विना लेखिएका कविताले जनतालाई  जगाउन सक्दैन जबसम्म जनता जाग्दैनन् त्यहाँ यथास्थितिको विपक्षमा मत खडा हुँदैन भन्ने प्रष्ट देखिएको छ । कवि निभाले राज्यसत्ता प्रतिको दृष्टि उसको दमनकारी व्यवहारमा हेरेर निर्माण गर्नु राम्रो हुन्छ भनेका छन् । जनताको चेतनास्तर राष्ट्रको उत्पादन सम्बन्धले निर्माण गर्नु र श्रम शोषणको विरोध सङ्गठित शक्तिले मात्र गर्न सक्ने विचार अभिव्यक्त रहेको छ। प्रियजनहरू फर्किसके ? गाउँ, साथी जनार्दनलाई, कविता, जुत्ता जस्ता कविताहरूले पञ्चायती व्यवस्थाको कुरु रू परिदृश्यलाई राम्ररी उद्घाटित गरिदिएको छ ।

**नवीन परिवर्तनप्रति अवस्था**

आमूल परिवतनको बाटामा देशका धेरै जन उपस्थित भएमा अपेक्षित परिवर्तन सुनिश्चित गर्न सकिन्छ । कति जना निद्रामा छन्, कति बुझेर पनि असङ्गठित रही अव्यवस्थाका विरुद्ध बोल्न सकिरहेका छैनन् । यस्तो विषयलाई तोड्दै नवीन परिवर्तनका निम्ति आम जनतालाई सङ्गठित गर्नु नै आजको अपरिहार्य आवश्यकता हो । जनमतलाई दमन, उत्पीडनका विरुद्ध उतार्न नवीन आशाको सञ्चार गर्नु पहिलो कर्तव्य हुन आउँछ । सत्ताको कमजोरीलाई नदेखाइ नवीन पक्षमा प्रवेश गर्न सकिँदैन र सकिए पनि प्रभावकारी बन्न सक्दैन । यहाँ एउटा सशक्त कवितांश प्रस्तुत गरिन्छ;

तपाईको क्रूर अनुहारलाई
म चिन्दछु
मैले जानेको छु
तपाईको आँखाको त्यो धूर्तलाई

तपाई जसरी हाँस्नोस्
तपाईको हिंस्रक दाँतलाई
मैले देखेको छु
मलाई थाहा छ
तपाईको गालामा झूटको कति पत्र छ
तपाईको छालाको चमकमा
कसको हात छ । (क्यामरा, पृ. ५१)

लेखक नेपाली समाजको समकालीन यथार्थलाई परिवर्तनको कोणबाट हेर्छन् । कवि विमल निभाले जनजीवन र समाजको अन्तरसम्बन्धलाई गहिरो गरी स्पर्श गरेका छन् । कवि विमल निभा मार्क्सवादी कलामा नवीनताको खोजी गर्दै जनतालाई आशा जगाउने कविता प्रस्तुत गर्दछन् । कलामा नवीनताको र गतिशीलतामा कलात्मकता खोज्नुको अर्थ समाज र जनताको आशयलाई गहिरो ढङ्गले विश्लेषण गर्नु पनि हो । मार्क्सवादी लेखकमाथि नारा लेखक भन्ने आरोप आंशिक सत्य होला तथापि नाराभित्र जनतालाई परिवर्तन पनि आस्था जगाउने अर्थात् क्रान्तिकारी आशावादितामा पुऱ्याउनु हो । उनी जसरी विचारको निर्माण गर्दछन् पाठक कविताको आस्वादन गर्दागर्दै सहज ढङ्गले प्रभावित हुन पुगिहाल्छन् । उनका अधिकांश कविताहरूले यथास्थितिको विरोध मात्र गरेका छैनन् त्यहाँ स्पष्टरूपमा नवीन परिवर्तनप्रतिको आस्थालाई जगाएका छन् । त्यसैले त उनका कविता गतिशील समाजलाई प्रगतिशील चेतनातर्फ डोऱ्याउने कर्ममा सुस्पष्ट रहेको देखिन्छ । 'आगोनेर उभिएको मानिस' कविता सङ्ग्रहभित्र नाम, साइकल, त्यो पनि हामीलाई दिनोस्, भाषा, जीवन जस्ता कविताहरूले सु-स्पष्ट रूपमा जनताको नवीन परिवर्तनप्रतिको आस्थालाई उद्घाटित गरिदिएका छन् ।

**जनताको जनजीविकाप्रति सरोकार**

कवि विमल निभासँग समाजमा दबिएर रहेका आवाजहरूको गहिरो सम्बन्ध छ । आत्म बलिदान गर्नु परे पनि आफूलाई जनताको मुद्दामा नै केन्द्रित गर्ने उनको उद्घोष र उद्घोषअनुरूपको जीवन व्यवहारले जीवनीपरक कोणबाट हेर्दा पनि उनको काव्ययात्रा जनजीविकाको विषयमा केन्द्रित रहेको पुष्टि गर्न सकिन्छ । उनको लेखनी यथास्थितिविरुद्धमा केन्द्रित मात्र होइन जनतालाई निरन्तर जगाइरहने भगीरथ प्रयास पनि हो । यस आधारमा हेर्दा जनतासँग जोडिएर उत्पन्न भएका उनका काव्य धाराले जनविश्वासलाई गहिरो ढङ्गले समातेको छ । मान्छे पहिले आफूलाई माया गरोस् अनि परिवारलाई माया गरोस् । यसको एउटा गहिरो विश्वासको उदाहरण यहाँ प्रस्तुत गरिएको छ;

पत्नीलाई प्रेम गर्छु
साथीभाइहरूसँग हात मिलाउँछु
स-साना नानीहरूका कोमल-कोमल गालामा

म्वाइँ खान्छु
न्यानो स्नेह दर्शाउँछु
दुश्मनहरूलाई तीव्र घृणा गर्छु
तिनीहरूका आँखामा उम्रिएको तिखो दाँतको
विरोध गर्छु
साँचोलाई साँचो भन्छु
झुटोलाई झुटो भन्छु । (जीवन, पृ. २६)

कवितांशले सत्यलाई सत्य भन्न सक्ने क्षमताको विकास नगरे मान्छे मान्छे बन्न सक्दैन । ऊ तथ्यमा टेकेर बोल्न सक्ने भए मात्र आफै र समाजप्रति इमान्दार भएको ठहर्दछ । विमल निभा सिर्जनामा वस्तुतालाई महत्त्व दिन्छन् । वस्तुता नै उनको सिर्जनाको मूल प्रवृत्ति हो । आत्मपरक अभिव्यञ्जनाबाट उनी टाढा छन् । (भट्टराई, भूमिका, पृ. XXIII) माथिको कवितांशमा भावनाभन्दा जीवन यथार्थ बढी प्रकाशित भएको छ । लेखकको लेखनमा सामाजिक जीवनका दृष्टिकोण स्पष्ट ढङ्गले आउनु जरुरी छ । दृष्टिकोण निर्माणको आधार सामग्री भनेकै श्रम हो । श्रमिक, श्रम र उत्पादन सम्बन्धले नै समाजको वर्गीय पक्ष र पक्षधरता स्पष्ट पारेको हुन्छ । सामाजिक सम्बन्धकै आधारमा मान्छेमा चेतना र विचारको निर्माण हुने भएकाले आफ्नो वरिपरिको सामाजिक अवस्थालाई लेखकले गहिरो ढङ्गले अवलोकन र मनन समेत गरेको हुनुपर्दछ । वर्गविभेद र सामाजिक असमानताको अवस्थाप्रति ि वमल निभा निकै संवेदनशील बनेर लेखन क्षेत्रमा लागेका हुनाले पनि उनका कविताहरूमा वर्गप्रतिबद्धता स्पष्ट देखा पर्दछ । वर्तमानमा रहेको अवस्थाबाट अगाडि जाने चाहनाको व्यवहार कुशल यात्राको नाम नै वर्गसङ्घर्ष हो । वर्गसङ्घर्षको इतिहासले द्वन्द्वात्मक सम्बन्धको स्थापना र एकले अर्कालाई बदल्ने प्रक्रियालाई सही दिशानिर्देश गर्दछ । कवि र कविताको संसार पनि अनौठो र कुनै विषय क्षेत्रसँग नमिल्ने खालको हुँदैन । कविता सामाजिक विषयकै प्रकटित रूप हो । नेतृत्व वर्गमा रहेको वर्गीय चिन्तनले अन्योल चिन्न सक्नु पर्दछ । अन्योल चिर्नका लागि नेतृत्व जनतामा आशा जगाउन सक्षम हुनु पर्दछ । खराब बगरेका आँखामा आतङ्कारी करार गरिएका व्यक्ति नै सही क्रान्तिकारी हो । कवि विमल निभा श्रमको सौन्दर्यलाई महत्त्व दिँदै श्रमिक वर्गको प्रतिरोधी चेतना निर्माण गर्न निरन्तर लागिरहन्छन् । कविले मानव जीवनमै हरेक सौन्दर्य देखेका छन् । श्रम र सङ्घर्षको यात्राबाट टाढा भएको दिन मान्छे भौतिकवादी बन्दैन । कलात्मक रूपमा उनका कविताहरूले जनजीविकाप्रति गहिरो सरोकार राखेको पाइन्छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा कवि विमल कविता सङ्ग्रहभित्रका कविताहरूको विश्लेषण प्रगतिवादी कोणबाट गरिएको छ । नेपाली साहित्यमा प्रगतिवादी कोणबाट विश्लेषणको आधार तयार गरी पाठको विश्लेषण र मूल्याङ्कन समेत गरिएको छ । कविता सङ्ग्रह 'आगोनेर उभिएको मानिस'को विश्लेषण यथास्थितिप्रतिको विरोध नवीन परिवर्तनप्रतिको आस्था र जनताको जनजीविकाप्रति सरोकारका आधारमा मूलतः विचार

पक्षलाई बढी महत्त्व दिएर यसमा विश्लेषण गरिएको छ। कवि विमल निभाले नेपाली साहित्यको कविता विधाको माध्यमबाट पुऱ्याएको योगदानलाई विचारको निर्माण र स्वतन्त्रताको आन्दोलनसँग सम्बन्धित गरिएको छ। नेपाली समाजमा जरा गाठेर बसेको सामन्ती चिन्तनले सत्तालाई समेत धेरै टेवा पुऱ्याएको देखिने परिदृश्य र त्यसकै आडमा सत्तालाई पूर्ण रूपमा जनताको विपक्षमा प्रयोग गर्ने सन्दर्भ 'आगोनेर उभिएको मानिस'मा वस्तु विन्यास भएको छ। प्रजातन्त्रको नाम जप्ने र आफूले गरेको कामलाई अब्बल घोषणा गर्ने राज्य सत्ताको चरित्रलाई जनतातर्फ नफर्काउने स्वभाव आजसम्म चलेको सन्दर्भमा कविताहरूले कलात्मक ढङ्गले उठाएका छन्। कविताहरूमा पञ्चायती व्यवस्थाको सञ्चालनका क्रममा सत्ताका खेलाडीहरू जनताको समस्या समाधान गर्नुभन्दा जनतालाई दमन गर्ने र आफू मोजमस्तीमा रहने परिपाटीप्रति कटाक्ष गरिएको छ। लाखौँ युवाहरू राज्यसत्ताको रागबाट पीडिन भएका छन्। कविले यस कविता सङ्ग्रहमा पञ्चायती व्यवस्थाप्रतिको विरोध, स्वतन्त्रताकालागि लडाई गर्ने प्रेरणा र आम सरोकारका विषयमा निम्नवर्गीय चिन्तनतर्फ आफ्नो कलम सोझ्याएका छन्। नेपाली समाजको निम्न वर्गीय जनता र जनजीविकाको विषयमा सशक्त आवाज अभिव्यक्त गरिएको छ। नेपालमा पटक-पटक भएको भनिएको व्यवस्थाले जनतालाई राजनीतिक अधिकारका निम्ति केही सघाए पनि जनजीविकाको विषय अत्यन्त कमजोर बन्दै गएको सन्दर्भ कविता सङ्ग्रहको अध्ययन गर्दा निष्कर्षको रूपमा प्राप्त भएको छ।

**सन्दर्भ–सामग्री सूची**

गिरी, अमर . (०७९) . *'साहित्य र राजनीति'* . वेदना पूर्णाङ्क ७८, पृ. १२५ - १३४, वर्ष ४९, अङ्क १ र २ (वैशाख - असोज)।

गौतम, देवीप्रसाद (२०४९) . *प्रगतिवाद परम्परा र मान्यता.* काठमाडौँ : श्रमती मुना गौतम।

चापागाई, निनु . (२०५४) . *मार्क्सवादी चिन्तनमा सौन्दर्य* . ललितपुर : मृदुल चापागाई /महिम चापागाई।

चैतन्य . (२०६४) . *मार्क्सवादी कलादृष्टि र समीक्षा* . काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि.।

ढकाल, घनश्याम . (२०६६) . *सौन्दर्यशास्त्रको आँखीझ्याल* . काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति।

ढकाल, घनश्याम र अन्य . (२०६७) . *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,* (सम्पा.) . काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति।

प्रभात, विष्णु . (२०७०) . *साहित्यकार-कलाकार परिचयकोश* . (सम्पा.) . काठमाडौँ : नेपाली प्रज्ञा प्रतिष्ठान।

भण्डारी, जगदीशचन्द्र . (२०५५) . *प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण,* मुन्नी भण्डारी।

भण्डारी, भानु . (२०७९) . *'प्रगतिशील तथा प्रगतिवादी साहित्यको अवधारणा'* . प्रलेस (पूर्णाङ्क-२७) असोज पृ. १२८ - १७२)

माओ . (१९४२) . *येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन* (पृ. १३) (अनु : निनु चापागाई) . काठमाडौँ : सिर्जनशील प्रकाशन।

विमल, निभा . (२०४०) . *'अगोनेर उभिएको मानिस'* . सं. २०७१, काठमाडौँ : फाइन प्रिन्ट।